आज मिति २०७७।०९।०२ गते विहिबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०७७।०९।०२**

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) श्री रत्न ज्योती युवा क्लव मि.न.पा.४ बाट दोस्रो मिथिला कप फुटवल प्रतियोगिता आयोजनाको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.३ हरिहरपुरबाट रामजानकी विवाह महोत्सव कार्यमक्रम गर्न जनाकी विवाह पञ्चमी मेला समितिलाई आर्थिक सहयोग उपलब्ध गराउन माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.३) मि.न.पा. वडा नं.५ श्रीपुरबाट रामजानकी विवाह महोत्सव कार्यमक्रम गर्न श्री राम लक्ष्मण हनुमान मन्दिर समितिलाई आर्थिक सहयोग उपलब्ध गराउन माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.४) यस न.पा.कार्यालय मार्फत सञ्चालन हुने नगर सरसफाई तथा नगर मर्मत संभार कार्य व्यवस्थित गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा. वडा न.४ को च.नं.३६३ मिति २०७७।०८।१७ को पत्रबाट श्री रत्न ज्योती युवा क्लवले मिति २०७७।०६।२५ गतेदेखि दोस्रो मिथिला कप फुटवल टुनामेन्ट प्रतियोगिता सञ्चालन गरेको हुंदा उक्त प्रतियोगिताको लागि आर्थिक सहयोग माग भएकोमा उक्त क्लवलाई खेलकुद शिर्षकबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ को च.नं.७४० मिति २०७७।०८।२९ को पत्रबाट हरिहरपुरमा रामजानकी विवाह महोत्सव कार्यमक्रम आयोजना गर्न श्री राम लक्ष्मण हनुमान मन्दिर समितिलाई आर्थिक सहयोग उपलब्ध माग गरेकोमा उक्त कार्यको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा मि.न.पा. वडा नं.५ को च.नं.७५६ मिति २०७७।०९।०२ को पत्रबाट श्रीपुरमा रामजानकी विवाह महोत्सव कार्यमक्रम आयोजना गर्न जनाकी विवाह पञ्चमी मेला समितिलाई आर्थिक सहयोग उपलब्ध गराउन माग गरेकोमा उक्त कार्यको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा यस न.पा. क्षेत्र भित्र नगर सरसफाई तथा नगर मर्मत संभार कार्य व्यवस्थित गर्न नगर सरसफाई परियोजना र नगर मर्मतसंभार परियोजना संचालन गर्न आवश्यक व्यवस्था गर्ने निर्णय पारित गरियो ।